आज मिति २०७५/११/२ गते दिनको १:०० बजे यस गोरखा नगरपालिका गोरखाका नगर प्रमुख श्री राजन राज पन्त ज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बस्यो बैठकमा निम्नानुसारको कार्यपालिका सदस्य ज्यूहरुको उपस्थिति रहेको छ ।

| क.स. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री राजन राज पन्त | |
| २ | नगर उप प्रमुख | श्री बिना कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री हिक्मत बहादुर कुँवर | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री रहम तुल्ला मिया | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री राम बहादुर बोगटी | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री खोप बहादुर अधिकारी | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री राम कुमार थापा मगर | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री नारायण प्रसाद अर्याल | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री बिष्णु प्रसाद श्रेष्ठ | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री कृष्ण बहादुर खत्री | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री कुल बहादुर कुँवर | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री देबी बहादुर बस्नेत | |
| १३ | वडा अध्यक्ष वडा नं ११ | श्री राम बहादुर खड्का | |
| १४ | वडा अध्यक्ष वडा नं १२ | श्री डिल बहादुर थापा | |
| १५ | वडा अध्यक्ष वडा नं १३ | श्री हरि बहादुर खनाल | |
| १६ | वडा अध्यक्ष वडा नं १४ | श्री राम बहादुर खड्का | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर गान्धारी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री रञ्जिला श्रेष्ठ | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री सावित्री थापा मगर | |
| २० | नगर कार्यपालिका सदस्य | श्री बिना कैनी | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री गिता थापा मगर | |
| २३ | नगर कार्यपालिका सदस्य | श्री मित्रा नेपाली परियार | |
| २४ | नगर कार्यपालिका सदस्य | श्री अप्सरा नेपाली रेग्मी | |
| २५ | प्रमुख प्रशासकीय.अधिकृत सदस्य सचिव | श्री कृष्ण कुमारी श्रेष्ठ | |
| २६ | | | |
| २७ | | | |
| २८ | | | |
| | | | |

Scanned by CamScanner

गोरखा नगर कार्यपालिकाको कार्यालय
अम्रिडाँडा, गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

**कार्यपालिका बैठक मितिः २०७५।११।०२ मा पेश हुने प्रस्तावहरु**

१.मिति २०७५।०४।०१ देखि २०७५।११।०२ सम्म भएका कार्यपालिका बैठकका निर्णयहरु अनुमोदनका लागि नगरसभामा पेश गर्ने सम्बन्धमा ।

२.विभिन्न वडाको योजना परिवर्तन तथा नगरस्तरीय थप योजनाको लागि बजेट विनियोजन सम्बन्धमा ।

३.नगरसभामा प्रस्तुत गरिने सार्वजनिक महत्वको वक्तव्य पारित सम्बन्धमा ।

४.नगरसभामा पेश गरिने विधेयकको प्रस्तावक तथा समर्थक छनोट सम्बन्धमा ।

५. स्थानीय पूर्वाधार विकास तथा पूर्वाधार विकास कार्यक्रम लमजुङसँगको सडक निर्माण कार्यक्रम समावेश गर्ने सम्बन्धमा ।

६.विविध ।

**निर्णयहरुः**

**निर्णय नं : १**

प्रस्ताव नं १ मा छलफल गर्दा मिति २०७५।०४।०१ देखि २०७५।११।०२ सम्म भएका कार्यपालिका बैठकका सम्पूर्ण निर्णयहरु अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं : २**

(क प्रस्ताव नं. २ मा छलफल गर्दा, मिति २०७५/३/३१ मा सम्पन्न नगरसभाबाट यस गोरखा नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा रकम विनियोजन गरिएकोमा तपसिलका वडाहरुबाट वडा समितिको निर्णय सहित योजनाहरुमा वजेट विनियोजन, संशोधन, परिवर्तन तथा रकम थप सम्बन्धमा निर्णय गरी नगरपालिकाको कार्यालयमा सोही अनुसार संशोधन गरिदिन अनुरोध भई आएअनुसार आजको यस कार्यपालिका बैठकबाट तपसिलका वडाहरुका निम्नानुसार योजनाहरुमा रकम विनियोजन, योजना संशोधन तथा योजना परिवर्तन गर्ने निर्णय गरियो ।

<u>वडा नं. १</u>

१. खानेपानी मर्मत तथा निर्माणमा विनियोजन गरिएको रु. १८,००,०००/- मध्ये मिति २०७५/८/२० को कार्यपालिकाको बैठकबाट देवीधारा मर्मतको लागि रु. ३,००,०००/-

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

Scanned by CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घ्याम्पेडाँडा, गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

राजनराज पन्त
प्रमुख

विनियोजन गरिएकोमा उक्त योजना परिवर्तन गरी आरुवोटे वाह्वविसे सडक निर्माणको लागि रु. २,००,०००/- विनियोजन गरियो ।

२. पौवाडांडा खोपकेन्द्र भवन निर्माणको लागि रु. १,००,०००/- विनियोजन गरिएकोमा देवीधारा मर्मतकोलागि विनियोजन भएको मध्ये वाकी रु. १,००,०००/- रकम पौवाडाडा खोपकेन्द्र भवन निर्माण योजनामा थप गरी जम्मा रु. २,००,०००/- पुऱ्याउने ।

३. मिति २०७५/८/२० को कार्यपालिकाको बैठकबाट मर्मत संभारबाट खर्च गर्ने गरी गोपाल घरदेखि शालिग्रामको घरसम्मको सडक निर्माण योजनालाई रु ५०,०००। विनियोजन गरिएकोमा उक्त योजनाको रकम लालेभज्याङ्ग अकलाथान सडकको लागि विनियोजन भएको रकम रु. १०००००। मा थप गरी रु. १,५०,०००/- पुऱ्याउने ।

वडा नं.२

गोरखा नगरपालिका वडा नं २ का स्वीकृतको लागि पेश भएका योजना तथा कार्यक्रमहरु

| सिंन. | साविक योजना तथा कार्यक्रम | साविक रकम | निकालिएको रकम | नयां थप भएका योजनाहरु | रकम |
|---|---|---|---|---|---|
| १ | गाईखुर कवरस्थान कम्पाउण्डिङ्ग | ४,००,०००। | १,००,०००। | मद्रसा आवुकर आहाले | ७०,०००। |
| २ | महिला,दलित, जेष्ठ नागरिक, बालबालिका | ४,००,०००। | १,००,०००। | अर्घोता मन्दिर देखि गगटे् खत्रीगोठ मोटरबाटो | १,५०,०००। |
| ३ | लघु उद्योग प्रोत्साहन युवा स्वरोजगार | २,००,०००। | १,००,०००। | सरस्वती महिला भवन निर्माण | ७०,०००। |
| ४ | भैपरी आउने तथा विपद व्यवस्थापन भू संरक्षण जलाधार संरक्षण | ४,००,०००। | २,२०,०००। | शिखर भिमसेन मन्दिर मर्मत | ६०,०००। |
| ५ | विभिन्न फलफूल बिरुवा खरिद तथा वितरण | | ५०,०००। | चण्डेनी मन्दिर मर्मत | ५०,०००। |
| | | | | धारापानी देवीस्थान मन्दिर मर्मत | ५०,०००। |
| | | | | आहाले कबरस्थान घेराबार | ५०,००० |
| | | | | बाघ भैरब प्रा. वि. फर्निचर खरिद | २०,०००। |
| | | | ५७०,०००। | | ५,७०,०००। |

राजनराज पन्त
प्रमुख

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रभिडाँडा, गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

राजेन्द्रराज पन्त
प्रमुख

वडा नं. ३

क. महिला किशोरी दलित, अपाङ्ग, जनजाति, बालबालिका, जेष्ठनागरिक तथा युवा लक्षित कार्यक्रमका विनियोजन गरिएको रकम रु. ७,००,०००/- बाट

१. वडास्तरीय फुटवल प्रतियोगिता रु. १,७०,०००/-
२. महिला लक्षित कार्यक्रम रु. २,००,०००/-
३. अपाङ्गता लक्षित कार्यक्रम रु. ४०,०००/-
४. दलित लक्षित कार्यक्रम रु. १००,०००/-
५. जनजाति लक्षित कार्यक्रम रु. ३५,०००
६. जेष्ठनागरीक लक्षित कार्यक्रम रु. ३५,०००/-
७. किशोरी लक्षित कार्यक्रम रु. ३५,०००/-

जम्मा रु. ६,१५,०००/-

ख. मर्मत संभारको रु. ५०००००/- मध्येबाट

१. वडा नं. ३ अन्तर्गतका कच्ची बाटो मर्मत रु.३,३५,०००/-
२. दरौदी कुलो मर्मत रु. ३७,४००/-

वडा नं. ४

क. सुशासन तथा संस्थागत विकास तर्फ विनियोजन गरिएको रकम मध्ये

| सि.नं. | साविकको योजना | रकम रु. | हाल कायम भएको योजना | रकम रु. |
|---|---|---|---|---|
| १ | वडा भेला योजना अनुगमन तथा समीक्षा | १,००,०००/- | नमुना टोल विकास संस्थाको सामुदायिक भवन निर्माण | १,००,०००/- |
| २ | टोल विकास संस्थालाई क्षमता विकास तालिम | १,००,०००/- | डांडांवारी मगरगाउं हुदै हिलेखर्क सडक मर्मत | १,००,०००/- |

ख.. सुशासन तथा संस्थागत विकास तर्फ विनियोजन गरिएको रकम मध्ये

| सि.नं. | साविकको योजना | रकम रु. | हाल कायम भएको योजना | रकम रु. |
|---|---|---|---|---|
| १ | वाफोगरा नर्सरी स्थापना | २,००,०००/- | वडा कार्यालय नयां भवन फर्निचर खरिद | २,००,०००/- |

कृष्णा कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्रराज पन्त
प्रमुख

Scanned by CamScanner

१. वडा नं. ५ को आर्थिक विकास तर्फ विनियोजन गरिएको वजेट मध्येबाट समुदायका न्यून आय भएका २० घर परिवारलाई बंगुर बच्चा वितरण गर्न रु. १,००,०००/- विनियोजन भएकोमा वडा समितिको निर्णयानुसार निम्नानुसारका व्यक्तिहरुलाई बंगुर वच्चा वितरण गर्ने निर्णय गरियो ।

१. भिम बहादुर थापामगर
२. रुपा राना
३. लोक बहादुर फियाली
४. मैया मग्राती
५. ठक बहादुर थापामगर
६. एलिसा नेपाली
७. निरमाया थापामगर
८. सोममाया थापामगर
९. लोकमाया थापामगर
१०.रामशरण बस्नेत
११.नारायण खनाल

२. वडा नं. ५ को आर्थिक विकास तर्फ विनियोजन गरिएको वजेटमध्येबाट च्याउखेती कार्यक्रमको लागि रु. २,००,०००/- विनियोजन भएकोमा वडा समितिबाट निवेदन माग भए अनुसार च्याउखेतीका लागि तपशील अनुसारका व्यक्ति र टोल छनौट गर्ने निर्णय गरियो ।

१. रोजिना खनाल
२. सुकु सिर्मल
३ .हिरालाल शाही
४ .जितमाया तामाङ्ग
५ पातली तामाङ्ग
६ रोविन थापमामगर
७ रमा राना
८ कोपिला थापा

राजनराज प्रमुख

९ सर्मिला थापा
१० सजना गुरुङ
११ थानीमाई टोल
१२ ठुलो रिप टोल
१३ देवीमाई टोल
१४ राजेन्द्र शाही

३. आर्थिक विकास तर्फ विनियोजन गरिएको माटो परिक्षण उपकरण खरिद योजनाको रु. १,००,०००/-, फलफूलको विरुवा वितरणको बजेट रु. १,००,०००/- सरसफाईमा उत्कृष्ट टोल पुरस्कार वितरणको रकम रु. ५०,०००/- र कुखुरापालन तालिम औषधी भिटामिन वितरणमा विनियोजन गरिएको रु. ३,००,०००/- मध्येबाट रु. १,००,०००/- झिकी मर्मत संभार कोषमा रु. ४,५०,०००/- थप गर्ने निर्णय गरियो ।

४. मर्मत संभार कोषको बजेट मध्येबाट खेलकुद तथा सांस्कृतिक कार्यक्रम रु. २,५०,०००/-

वडा नं. ९

वडा नं. ९ को वडा समितिको निर्णयानुसार तपसिल अनुसारका योजनाहरु परिवर्तन गर्ने निर्णय गरियो ।

| सि.नं. | साविकको योजना | रकम रु. | हाल कायम भएको योजना | रकम रु. |
|---|---|---|---|---|
| १ | वडा कार्यालय व्यवस्थापन रु २,००,०००।- बाट न.पा. को मिति २०७५।१०।२ को निर्णय अनुसार -सम्झौता युवा क्लबलाई गोरखा महोत्सबको डोरी तान्ने खेलमा सहभागी हुनको लागि व्यवस्थापन | ५०,०००/- | गोरखा महोत्वसमा भएको डोरी तान्ने खेलमा सम्झौता युवा क्लब प्रथम भएकोले उक्त क्लवका खेलाडीहरुलाई प्रोत्साहन स्वरुप उपलव्ध गराउने । | ६०,०००/- |
| | मर्मत संभार रु ८,००,०००।- बाट गोरखकाली साकोस बाट जामुने मोटर बाटो नजिक रिटेनिङ्ग वाल मर्मत | ७५,०००/- | २) गोरखकाली साकोस बाट पिडीचौर मोटर बाटो ग्राबेल | ७५,०००/- |
| | बेरोजगार युवाहरुको लागि सीपमूलक तालिम सञ्चालन | १,००,०००/- | द ओसन क्लब खेलकुद कार्यक्रम सञ्चालन | १,००,०००/- |

राजनराज प्रमुख

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रिडाँडा गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

राजनराज पन्त
प्रमुख

वडा नं. १३

वडा नं १३ लाई ल्याप्टप खरिदको लागि विनियोजित रु. ५०,०००/- र मर्मत सम्भार शीर्षकवाट रु. ५०,०००/- गरी जम्मा रु. १,००,०००/- रकम सिम्लेफांट चम्पाटार कच्ची मोटरवाटो स्तरोन्नतिका लागि व्यवस्था गर्ने ।

(ख) गोरखा नगरपालिका र तुल्सी मेहर युनेस्को क्लव, गोरखाको साझेदारीमा वडा नं. ४ मा सञ्चालित तपशील वमोजिमको खानेपानी योजनाको लागि नगरस्तरीय समपूरक रकमवाट रु. १९,००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

तुलसी मेहेर युनेस्को क्लब गोरखासँगको साझेदारी कार्यक्रम

| सि· न· | सञ्चालन हुने आयोजनाको विवरण | स्थान | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | नालेपानी बारीपुच्छर खानेपानी आयोजना | गो·न·पा· ४ | ७,००,०००।०० | |
| २ | धारापानी खानेपानी आयोजना | गो·न·पा· ४ | ३,५०,०००।०० | |
| ३ | पन्धेस्वारा खानेपानी आयोजना | गो·न·पा· ४ | ८,५०,०००।०० | |
| जम्मा | | | १९,००,०००।०० | |

(ग) नगरस्तरीय योजनाका लागि गत वर्षको अ.ल्या. रकम, सञ्चितकोषमा भएको रकम तथा नगरस्तरीय समपूरक रकमवाट बजेट विनियोजन गर्ने गरी रु १,४६,५०,०००।- को तपशील वमोजिमका योजनाहरु थप गर्ने निर्णय गरियो ।

| सिं नं | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | विपद व्यवस्थापन कोष | १०,००,०००।०० | |
| २ | स्याउलीमा पार्क निर्माण | ७,००,०००।०० | |
| ३ | दशकिलो तरकारी संकलन केन्द्र.क्लव भवन आवश्यक कार्य | ५,००,०००।०० | |
| ४ | हरमटारी खेल मैदान | ५,००,०००।०० | |
| ५ | गोरखा कालिका मन्दिर अग्लो वत्ति जडान | १२,००,०००।०० | |
| ६ | मर्मत सम्भार | ३०,००,०००।०० | |
| ७ | तमु समुदायको चिहान डाडा निर्माण | ५,५०,०००।०० | |

राजनराज पन्त
प्रमुख

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

राजनराज पन्त
प्रमुख

| सि नं | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| ८ | गमशाह टोल क्रियापुत्री भवन जाने बाटो र रेलिङ निर्माण | २,००,०००।०० | |
| ९ | पदेल भन्ज्याङ गणेश मन्दिर निर्माण | ५,००,०००।०० | |
| १० | भट्ट बेशी खेल मैदान निर्माण | ३,००,०००।०० | |
| ११ | छेवेटारमा गुम्बा निर्माण | ७,००,०००।०० | |
| १२ | रत्नलक्ष्मी मा.वि. डुम्रिडाडा ट्रस निर्माण | २,५०,०००।०० | |
| १३ | त्रिभुवन पुस्तकालयलाई | ८,००,०००।०० | |
| १४ | गैरी चौतारा गणेश मन्दिर पेटारे मोटर बाटो | ४,००,०००।०० | |
| १५ | ढाड रानिवन जाने बाटो ढलान | ५,००,०००।०० | |
| १६ | पैरेनी खोला घिमिरे गाउँ राम बहादुर अधिकारीको घर सम्मको मोटर बाटो | ३,००,०००।०० | |
| १७ | भट्ट गाउँ खानेपानी मर्मत तथा पँधेरखोलामा काज क्रिया गर्ने ट्रस निर्माण | २,००,०००।०० | |
| १८ | ठूलो पहिरो स्वास्थ्य चौकी जाने मोड ढलान | ५,००,०००।०० | |
| १९ | स्वाँरा स्वास्थ्य केन्द्र निर्माण | २,५०,०००।०० | |
| २० | केराबारी थवाली चौतारबाट तीनचापेको मुहान | ३,००,०००।०० | |
| २१ | धनबासे मन्दिर रेलिङ निर्माण | २,००,०००।०० | |
| २२ | अकला मन्दिर निर्माण | ५,००,०००।०० | |
| २३ | बाह्रकिलो चौकी सुकुम्बासी बस्ती जाने सडक निर्माण | ५,००,०००।०० | |
| २४ | मान्द्रेढुङगा खाने पानी योजना | ५,००,०००।०० | |
| २५ | टक्सार गैरी छाप खानेपानी | ३,००,०००।०० | |
| | जम्मा | १,४६,५०,०००।०० | |

**निर्णय नं : ३**

प्रस्ताव नं. ३ मा छलफल गर्दा नगरसभामा प्रस्तुत गरिने तपशीलको व्यहोराको सार्वजनिक महत्वको वक्तव्य पारित गर्ने निर्णय गरियो ।

नगर सभासदस्यहरु,

राजनराज पन्त
प्रमुख

Scanned by CamScanner

गोरखा नगरपालिकाको चौथौं नगर सभामा गोरखा नगरपालिकाद्वारा २०७५ माघ मसान्त सम्ममा भए गरेका कार्य प्रगतिको संक्षिप्त विवरण सार्वजनिक वक्तव्य मार्फत जानकारी गराउन चाहान्छु ।

लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात् गठन भएको स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १९ को उपदफा १ अनुसार प्रत्येक आ.व. मा दुई वटा सभा सञ्चालन गर्नुपर्ने व्यवस्था भए बमोजिम हामी चौथो नगर सभा एवं हिँउदे सभा सञ्चालन गरिरहेका छौ, जसलाई विधयेक सभा पनि भनिन्छ ।

तेस्रो नगर सभाबाट पारित भएका बजेट, योजना तथा कार्यक्रम अन्तर्गत आ.व. ०७५।०७६ को लागि प्रक्षेपित गरिएको कूल बजेट ८५,३५,७०,९४७।- (**अक्षरुपी पचासी करोड पैतीस लाख सत्तरीहजार नौ सय सत्चालीस रुपैया मात्र** ) (शुरु विनियोजित ७९,९३,७२,४४७।- ( **उनान्असी करोड त्रियानब्बे लाख बहत्तर हजार चास सय सच्चालीस रुपैया मात्र**) गत वर्षको भुक्तानी दायित्व वाँकी २,३६,०३,५००।- **दुई करोड छत्तीस लाख तीन हजार पाँच सय** रुपैया मात्र), नगद लागत सहभागिता थप २,४४,७५,०००।- (**दुई करोड चौवालीस लाख पचहत्तर हजार रुपैया मात्र**) नेपाल सरकारवाट थप सर्शत अनुदान ६१,२०,०००।- (**एकसट्ठी लाख वीस हजार रुपैया मात्र**) मध्ये चालु तर्फ रु ५१,४६,९४,५००।- (**एकाउन्न करोड छयालीस लाख चौरानब्बे हजार पाँच सय रुपैया मात्र**) मा खर्च भएको २०,३४,५०,२३५।- ( **वीस करोड चौतीस लाख पचास हजार दुई सय पैतीस रुपैया मात्र**) (३९.५३%), पुंजीगत तर्फ ३३,८८,७६,४४७।- (**तेत्तीस करोड अठासी लाख छयत्तर हजार चार सय सत्चालीस रुपैया**) मा ५,७०,८८,८५४।-(**पाँच करोड सत्तरी लाख अठासी हजार आठ सय चौउन्न रुपैया मात्र**) (१६.८५%) तथा कूल विनियोजित ८५,३५,७०,९४७। (**पचासी करोड पैतीस लाख सत्तरी हजार नौसय सच्चालीस रुपैया मात्र**) मध्ये २६,०५,३९,०८९।- (**छव्वीस करोड पाच लाख उनान्तीस हजार उनान्न नब्बे रुपैया मात्र**) खर्च भई (३०.५२%) कूल प्रगति भएको व्यहोरा जानकारी गराउन चाहान्छु । नगद लागत सहभागिता तर्फको रकम २,४४,७५,०००।- (**दुई करोड चौवालीस लाख पचहत्तर रुपैया मात्र**) अनुमान गरिएकोमा माघ मसान्त सम्ममा जम्मा रु ४६,७५,०००।- (**छयालीस लाख पचहत्तर हजार रुपैया**) मात्र सहभागिता भएकोले कुल पूँजीगत खर्च कम देखिन गएको व्यहोरा जानकारी गराउँछु ।

साथै २०७५ माघ मसान्त सम्ममा नेपाल सरकारवाट वित्तीय समानीकरण अनुदान तर्फ ७,११,०१,३९७।-, (**सात करोड एघार लाख एक हजार तीन सय सन्तानब्बे रुपैया**) सशर्त अनुदान तर्फ रु १५,७२,३३,५४०।-, (**पन्ध्र करोड वहत्तर लाख तेत्तीस हजार पाँच सय चालीस रुपैया मात्र** ) राजस्व बाँडफाँड तर्फ रु ३,८१,६७,०००।६६ (**तीन करोड एकासी लाख सतसठ्ठी हजार छैसठ्ठी पैसा**) गरी जम्मा रु २६,६५,०१,९३७।६६ (**छव्वीस करोड

पैसठ्ठी लाख एक हजार दुईसय सैतीस रुपैया छैसठ्ठी पैसा) आम्दानी भएको छ । त्यस्तै संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानतर्फ रु ३३,९३,००२५०।- (**तेत्तीस करोड त्रियानव्वे लाख दुई सय पचास** ) प्राप्त भएको छ । साथै गोरखा नगरपालिकाबाट प्रदेश राजस्व बाँडफाँडतर्फ रु १,०६,१०,५३०।- (**एक करोड छ लाख दश हजार पाँच सय तीस**) संकलन भएकोमा सोबाट बाँडफाँड हुँदा गोरखा नगरपालिकालाई रु ६३,६६,३१८।- (**त्रिसठ्ठी लाख छैसठ्ठी हजार तीन सय अठार** ) प्राप्त हुने भएको छ । चालु आर्थिक वर्षमा नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता तर्फ पहिलो किस्तावापत रु २,८७,२८,०००।- (**दुई करोड सतासी लाख अठ्ठाइस हजार**) प्राप्त भएको छ । यसको आलवा चालु आ.व. मा सञ्चालित योजनाहरुमा नगद जनसहभागिता वापत रु ४६,७५,०००।- (**छयालिस लाख पचहत्तर हजार** ) सञ्चित कोष दाखिला हुन आएको छ । सडक बोर्डबाट गत बर्षको निकासा रु २०,७७,५६२।- **वीस लाख सतहत्तर हजार पाँच सय वैसठ्ठी** र चालु आ.व.को निकासा रु. १९,५०,०००।- ( **उन्नाइस लाख पचास हजार** )प्राप्त हुन आएको छ । गत बर्षको अ.ल्या. बैंक मौज्दात रु ३,७६,९७,६१५।१३ (**तीन करोड छ्यहत्तर लाख सन्तान्नब्बे हजार छ सय पन्ध रुपैया तेह्र पैसा** ) र चालु आ.व. को माघ मसान्त सम्म आन्तरिक आम्दानी रु १,५२,००,७२२।८६( **एक करोड वाउन्न लाख सात सय वाइस रुपैया छयासी पैसा** ) गरी माघ मसान्तसम्म जम्मा आम्दानी रु ३६,६५,९०,४०५।६५ (**छत्तीस करोड पैसठ्ठी लाख नब्बे हजार चार सय पाँच रुपैया पैसठ्ठी पैसा** )भएको र जम्मा खर्च रु २६,०५,३९,०८९।- (**छब्बीस करोड पाँच लाख उन्चालिस हजार उनान्नब्बे रुपैया** )हुन गई जम्मा रु १०,६०,५१,३१६।६५ (**दश करोड साठी लाख एकाउन्न हजार तीन सय सोह्र रुपैया पैसठ्ठी पैसा**) सञ्चित कोष तथा खर्च खातामा सञ्चित रहन गएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

गोरखा नगरपालिकाले नगर कार्यपालिकाको वैठकद्वारा निर्णय गरी स्वीकृत गर्ने कानुनी व्यवस्था भए बमोजिम, भाषा, संस्कृति र ललितकला संरक्षण सम्वन्धी कार्यविधि, २०७५, सार्वजनिक सम्पत्ति तथा सामुदायिक भवनको तथ्याङ्क अध्यावधिक गर्ने सम्वन्धी कार्यविधि, २०७५ स्वीकृत भएको व्यहोरा जानकारी गराउँदछु ।

विविध कानूनी प्रावधानको उल्झन बीच पनि हामीले विभिन्न ऐन नियम, कार्यविधिहरु निर्माण गरी कार्य थालनी समेत गरेका छौ । साथै गत नगर सभावाट पारित भएका विभिन्न ऐन, नियमावलीहरु कार्यान्वयनमा ल्याएका छौं । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा प्रदेश कानुनको परिधिमा रही निर्माण गरिएको नीति, योजना तथा कार्यक्रमको अधिकांश शीर्षकमा कार्य भईरहेको छ भने केही महत्वकांक्षी कार्यको समेत प्रारम्भ गरेका छौं ।

राजनराज पन्त
प्रमुख

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

ऐतिहासिक गोरखा गेट निर्माण, पर्यटकीय भिमसेन पार्क जाने वाटो स्तरवृद्धि, UNDP को साझेदारीमा शहरी स्वास्थ्य केन्द्र भवन निर्माण, मद्रसा भवन, सिचाई योजना, खानेपानी योजना, तुल्सीमेहर यूनेस्को क्लव गोरखासँगको साझेदारीमा खानेपानीका योजनाहरु सञ्चालन भइरहेका छन् । कारीतास नेपालको साझेदारीमा सडक निर्माण, भवन निर्माण, खानेपानी तथा सरसफाईसँग सम्वन्धित संरचनाहरु निर्माण भइरहेको छ यसको साथ साथै एनसेटसँग सहकार्य गरी गोरखा नगरपालिकाको १४ वटै वडामा सुरक्षित भवन निर्माण सम्वन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । यस नगरपालिका भित्र भएका भवन निर्माण इजाजत पत्रहरुलाई सफ्टवयर मार्फत विवरण अद्यावधिक गर्ने कार्य आरम्भ भएको छ । साथै निजी आवास पुनर्निर्माण कार्यको समन्वय तथा सहयोग आदानप्रदानको लागि गोरखा नगरपालिका र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गोरखा वीच पुनर्निर्माण सम्वन्धी समझदारी पत्रमा हस्ताक्षर गरी दीर्घकालीन महत्वको कार्य आरम्भ भैईरहेको छ । आइ.ओ.एम को सहकार्यमा नगरपालिकामा विभिन्न कार्यकमहरु सञ्चालनमा ल्याउने तयारी भैरहेको छ । त्यसै गरी नगर विकास कोषसँगको सहकार्यमा विपि चोक नजिक बहुउद्देश्यीय भवन निर्माण तथा मनकामना वहिरा आवासीय माध्यमिक विद्यालयमा भवन निर्माण कार्य गर्न लागिएको छ । साथै मानवीय स्वास्थ्यमा प्रभाव पार्ने खालको पोषिलो झोला वितरण कार्यक्रम, जेष्ठ नागरिक उपचार कार्ड वितरण कार्यक्रम, युवा स्वयम्सेवक परिचालन कार्यक्रम जस्ता महत्वपूर्ण कार्यक्रमको प्रारम्भ गरेका छौं । यस नगरपालिकाले आ.व.२०७५।०७६ मा स्वीकृत गरेको ३१६ वटा योजना मध्ये २८३ वटा योजनाको सम्झौता भएको र १०२ वटा योजना सम्पन्न भएको छ । साथै १७ वटा ठूला योजनाहरु टेण्डर प्रक्रियामा गइसकेको व्यहोरा जानकारी गराउछु ।

गोरखा नगरपालिकाको निजी आवास पुनर्निर्माण सम्वन्धी जम्मा लाभग्राही संख्या १०,०८८ मध्ये ९,११५ लाभग्राहीले पहिलो किस्ता, ७,८६६ लाभग्राहीले दोश्रो किस्ता तथा ७,००८ लाभग्राहीले तेश्रो किस्ता वापतको रकम प्राप्त गरेका छन् ।

नगरपालिकावाट प्रस्तावित गरिएका सवै कार्यक्रमहरु प्रभावकारी कार्यान्वयनमा नगर सभाका सवै सदस्यहरुवाट सकारात्मक र रचनात्मक सहयोगको अपेक्षा सहित विदा हुन चाहन्छु ।

धन्यवाद ।

प्रमुख

Scanned by CamScanner

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, गोरखा जिल्ला, गण्डकी प्रदेश, नेपाल

राजनराज पन्त
प्रमुख

**निर्णय नं : ४**

प्रस्ताव नं. ४ मा छलफल गर्दा स्वास्थ्य सेवा विधेयक, २०७५ र गोरखा नगरपालिका न्यायिक कार्यविधि (ऐन), २०७४ संशोधन विधेयक, २०७५ नगरसभामा प्रस्तुत गर्नका लागि प्रस्तावक र समर्थकमा तपशील बमोजिमका नगरसभा सदस्य छनोट गर्ने निर्णय गरियो ।

**तपशील:**

| विधेयक | प्रस्तावक | समर्थक |
|---|---|---|
| स्वास्थ्य सेवा विधेयक | कृष्ण कुमार श्रेष्ठ | कल्पना नेपाली |
| गोरखा नगरपालिका न्यायिक कार्यविधि (ऐन), २०७४ संशोधन विधेयक, २०७५ | आनन्द गुरुङ | सीता मगराती |

**निर्णय नं : ५**

प्रस्ताव नं. ५ मा छलफल गर्दा, यस नगरपालिकावाट कार्यान्वयन गर्नको लागि अख्तियारी प्राप्त भएका स्थानीय पूर्वाधार विकास तथा पूर्वाधार विकास कार्यक्रम लमजुङ अन्तर्गतको तपशील बमोजिमका योजनाहरु समावेश गर्ने निर्णय गरियो ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम

| सि. नं. | सञ्चालन हुने आयोजनाको विवरण | स्थान | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | ताप्ले बाह्रबिसे लिफटीङ खानेपानी चालु आयोजना निर्माण गर्न | गोनपा. १ | २०,००,०००।०० | गोरखा जिल्ला निर्वाचन क्षेत्र नं १ |
| २ | फिनाम सरस्वती मावि. मधुघाट जामुने सडक | गोनपा. ४ | १०,००,०००।०० | |
| ३ | छहरे चण्डेनी पोखराथोक काप्राबोट हुँदै गोरखकाली मन्दिर सडक स्तरोन्नती | गोनपा. ६ | १५,००,०००।०० | |
| ४ | नव ज्योति मावि. डण्डीडाडा कम्पाउण्ड निर्माण | गोनपा. ७ | १०,००,०००।०० | |
| ५ | शिखरडाडा नौ किलो स्याउली खानेपानी योजना | गोनपा. १२ | ३५,००,०००।०० | गोरखा जिल्ला निर्वाचन क्षेत्र नं २ |
| ६ | मजुवा सिम्ले गोप्लिङ अकला मन्दिर सडक नयाँ ट्र्याक | गोनपा. १३,१४ | २०,००,०००।०० | |
| ७ | बहुउद्देश्यीय सामुदायिक अधुरो भवन सम्पन्न गर्ने | गोनपा. ८ | १५,००,०००।०० | |

राजनराज पन्त
प्रमुख

कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

राजनराज पन्त
प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ८ | मनकामना वहिरा आवासीय मा.वि. कम्पाउण्ड तारबार | गोनपा· १० | १०,००,०००।०० | |
| जम्मा | | | १,३५,००,०००।०० | |

पूर्वाधार विकास कार्यालय लमजुङसँगको सझेदारी सडक निर्माण कार्यक्रम

| सि· न· | सञ्चालन हुने आयोजनाको विवरण | स्थान | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | नयाँ बजार देखि गोरखा क्याम्पस हुँदै छेपेटार जाने सडक निर्माण कार्य | गोनपा· ७ | ३०,००,०००।०० | |
| २ | रबर उद्योग देखि देउराली वडा नं १४ जाने सडक निर्माण कार्य | गोनपा· १३ | ३०,००,०००।०० | |
| जम्मा | | | ६००००००।०० | |

विविध

(क) प्रथम शहीद लखन थापाको सम्मानमा गोरखा नगरपालिका वडा नं. ६ हस्पिटल चोकमा शहीद लखन थापाको शालिक निर्माण गरिएकोमा उक्त स्थानलाई शहीद लखन थापा चोक नामाकरण गर्ने निर्णय गरियो ।

(ख) यस नगरपालिकाबाट आ.ब. ०७६।०७६ मा कार्यान्वयन हुने तथा भएका योजना तथा कार्यक्रमहरुको अनुगमनको लागि नगरस्तरीय अनुगमन समिति, मूल्याङ्कन समिति, खरिद समिति, न्यायिक समिति साथै नगरकार्यपालिका तथा नगरपालिकाबाट गठित समिति तथा अन्य समितिहरुको बैठक भत्ता रु १५००।- का दरले भुक्तानी भएकालाई समर्थन गर्ने तथा आगामि बैठक भत्ता सोही अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

(ग) यस नगरपालिकाको साझेदारीमा गोरखा नगरपालिकाको विभिन्न वडाहरुमा कार्य गर्दै आएका यूएनडिपि, कारीतास नेपाल, पद्धति विकास सेवा केन्द्र, तुल्सी मेयर, एनसेट नेपाल, आइओएम, लगायत विभिन्न संस्थाहरुसंग आगामी वर्षहरुमा पनि सहकार्यमा कार्य अगाडि बढाउने प्रस्ताब गर्ने निर्णय गरियो ।

राजनराज पन्त
प्रमुख

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner